# व्यवसाय तथा इजाजत पत्र दर्ता तथा नवीकरण कार्यविधि-२०७६

## महादेवा गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बथनाहा, सप्तरी

अनुसूचि -२
दफा (८) सँग सम्बन्धित

## (व्यवसाय कर/नविकरण शुल्क)

वार्षिक व्यवसाय कर :

| क्र.सं | व्यवसायको नाम | दर रु. | थोक | संख्या | रकम |
|---|---|---|---|---|---|
| १. | किराना पसल | ५००।- | | | |
| २. | पेडा पसल, नास्ता, चिया तथा मिठाई पसल | २००।- | | | |
| ३. | डिलर तथा थोक बिक्रेता | | | | |
| क | दाल, चामल, खुदी, खरिद बिक्रि पसल | १००० ।- | | | |
| ख | चिउरा भुजा बिक्रि पसल | ५००।- | | | |
| ग | पिउने पानी (प्यूरिफयर) बितरण पसल कोक, पेप्सी डिलर | १००० ।- | | | |
| घ | सख्खर (गुड) पसल | २००। | | | |
| ङ | बिस्कुट तथा चकलेट खुद्रा | २००। | | | |
| च | १. " " डिलर (प्रति डिलर) | ५००। | | | |
| | २. " " थोक बिक्रेता | | ५५०। | | |
| ४. | तेल, घिउ, आँटा, सुजि, चिनि खुद्रा | २००। | | | |
| | (क) डिलर (प्रति डिलर) | ७०० । | | | |
| | (ख) थोक बिक्रेता | ५००। | | | |
| ५ | कृषि सामाग्री संस्थानको डिलर | ५०० । | | | |

## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी महादेवा गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**
(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस महादेवा गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनीयर/सब ईन्जिनीयर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम महादेवा गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण :**
(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्बन्धित महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षमा सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ। यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाउँपालिका बाध्य हुनेछैन।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

**४) इजाजतपत्रको खारेजी :**
(१) देहायको अवस्थामा महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठाविवरण पेश गरको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखि आएमा।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम इजाजतपत्र खारेज भएकोमा महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका/गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

## ५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ।

## ६) प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## ७) बचाउ:

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ।

अनुसूची - १

कार्यविधि को दफा ९ को उपदफा (१) सँग सम्बन्धित

इजाजतपत्रको लागि दिइने दरखास्त

दरखास्त वालाको फोटो

विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।

श्री ...........................म.न.पा./ न.पा./ गा.पा को कार्यालय

...............

यस ...................................कार्यालयको कार्यविधि .........बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं.

फ्याक्स नं.:-

ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी

☐ एकलौटी

☐ पब्लिक लिमिटेड कम्पनी

☐ साझेदारी

(कोठामा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं.

फ्याक्स नं.:-

ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :-

दर्ता मिति :-

अधिकृत पूँजी :-

जारी पूँजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था । बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्ने छ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । भुठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

| | |
|---|---|
| | |

दरखास्तवालाको,-
दस्तखत :-
मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०००।०० | रु. १०००।०० | रु. २०००।०० | रु. ५००।०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०..बमोजिम का दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ।

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्बन्धित

## इजाजतपत्र

इजाजतपत्र नं.................... मिति :- ...................

................म.न.पा / न.पा / गाँउपालिका

..............कार्यपालिकाको कार्यालय

..............................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०........ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

ईजाजतपत्र दिनेको,-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

नविकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण वहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>..........<br>ख)सम्झौता मिति :<br>..........<br>ग)ठेक्का अवधि<br>.......... | क) नाम :<br>..........<br>ख)पद :<br>..........<br>ग)हस्ताक्षर<br>..........<br>घ)छाप<br>.......... | क) थप समय:<br>..........<br>क) नाम :<br>..........<br>ख)पद :<br>..........<br>ग)हस्ताक्षर<br>..........<br>घ)निर्णय मिति:<br>छाप<br>.......... | क) Variation पछिको ContractAmount<br>..........<br>क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम<br>..........<br>ख)पद :<br>..........<br>ग)हस्ताक्षर<br>..........<br>घ)छाप<br>.......... | क)सम्पन्न रकम :<br>..........<br>ख)सम्पन्न मिति :<br>..........<br>ग) सम्पन्न %<br>..........<br>घ)नाम :<br>..........<br>पद :<br>..........<br>हस्ताक्षर<br>..........<br>छाप<br>.......... | क) अन्तिम ठेक्का रकम :<br>..........<br>ख)सम्पन्न मिति :<br>..........<br>घ)नाम :<br>..........<br>पद :<br>..........<br>हस्ताक्षर<br>..........<br>छाप<br>.......... | |

अनुसूची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /ट्याक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर,पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

# व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७६

प्रस्तावना:

महादेवा गाँउपालिका क्षेत्र भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धनमार्फत उपभोक्ताको हित सरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन महादेवा गाँउपालिका, सप्तरी वाञ्छनिय भएकोले

स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महादेवा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम " महादेवा गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि - २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिती देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले यस महादेवा गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) "शाखा" भन्नाले यस गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) "वडा कार्यालय" भन्नाले यस महादेवा गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले यस महादेवागाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस महादेवागाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस गाउँपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस महादेवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(ज) "वडा समिति" भन्नाले यस महादेवा गाउँपालिकाको ६ वटै वडाका समितिहरु सम्झनु पर्नेछ ।

(झ) "व्यवसायी" भन्नाले यस महादेवा गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७६ सम्झनुपर्नेछ ।

३. क्षेत्र: यस महादेवा गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. विषयगत क्षेत्र: विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधि पसल

ञ) वर्कशप, ग्यारेज
ट) निर्माण व्यवसायी
ठ) अन्य तोकिए बमोजिमका व्यवसायीहरु ,

परिच्छेद-२
व्यवसाय दर्ता सम्बन्धी व्यवस्था

५. व्यवसाय दर्ता प्रकृया:
(१) व्यवसाय दर्ता गर्नुपर्ने: प्रत्येक व्यवसायीले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।
(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।
(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीले ०७७ असार मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले २ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।
४) व्यवसाय दर्ताको लागि सम्बन्धित वडामा अनुसूची ३ बमोजिम ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनु पर्नेछ । कागजात जाँच गरी उक्त निवेदनलाई सिफारिस सहित गाँउ कार्यपालिकाको कार्यलयमा दर्ताको लागि पठाउनुपर्नेछ ।
४.१दर्ताका लागि आवश्यक कागजातहरु :
(१) हालसालै खिचेको २ प्रति फोटो
(२) नागरिकता प्रमाण-पत्रको प्रतिलिपि
(३) वडा कार्यालयको सिफारिस
(४) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।
(७) उद्योग वाणिज्य संघको सिफारिस पत्र।
५. तोकिएको अवधि भित्र व्यवसाय दर्ता नगरेमा पहिलो महिना २५% दोश्रो महिना ५०% , तेश्रो महिना शतप्रतिशत जरिवाना गरिनेछ ।

६. प्रमाणपत्र सम्बन्धी व्यवस्था :
(१) माथि ५.४.१ मा उल्लेखित कागजातहरु प्राप्त भई सकेपश्चात् तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

७. व्यवसाय नवीकरण सम्बन्धी व्यवस्था : प्रत्येक व्यवसायीले आर्थिक वर्षको असार मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नविकरण गरिसक्नु पर्नेछ । व्यवसाय नवीकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

८. व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था :
(१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
(२) चालु आ.व.को हकमा अनुसूचि-२ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिईनेछ ।
(३) अनुसूची ४ मा तोकिएको ढाँचामा व्यवसाय दर्ताको अभिलेख राखिएको छ ।
४) आ.व. समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।
(५) उपदफा (४) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

परिच्छेद-३
अनुगमन तथा कारवाही

९. मूल्य सूची सम्बन्धी व्यवस्था : सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट संग देख्ने गरी मूल्य सूची राख्नुपर्नेछ ।
१०. बजार अनुगमन सम्बन्धी व्यवस्था :

(१) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ। बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले जारी गर्ने बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ।

११. दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था : कार्यविधि विपरितको देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालो बजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा।

१२. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

जरिवाना :

| | |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु.१०००/- |
| (ख) प्रमाणपत्र नराखेमा | रु.२०००/- |
| (ग) तोकिएको समय भित्र व्यबसाय दर्ता तथा नविकरण नगरेमा | रु.५००० |
| (घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा | रु.१०,०००/- |
| (ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा | रु.१०,०००/- |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा | रु.१०,०००/- |
| (छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा | रु.५,०००/- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेका पाईएको त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

## परिच्छेद-४

## विविध

१३. बाधा अड्काउ सम्बन्धी व्यवस्था :

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ।

१४. प्रचलित कानुन बमोजिम हुने : यस कार्यविधिमा भएका कुरा प्रचलित कानुनसगँ बाँझिएमा बाँझिएको हदसम्म कानुन बमोजिम नै हुनेछ।

अनुसूची १
दफा (६) सँग सम्बन्धित

# महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
प्रदेश नं. २, नेपाल

दर्ता नं.
दर्ता मिति :
आ. व. : २०७..../.....

## व्यवसाय दर्ता प्रमाण-पत्र

प्रमाणपत्र नं. :

श्री ..................................................................

प्रस्तुत विषयमा तपाईलाई महादेवा गाउँपालिकाको "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७६" को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ ।

व्यवसायीको विवरण | एकल | साझेदारी |

१ क) व्यक्तिको नाम, थर :..........................................................
खं) नागरिकता नं. :.............................. जारी जिल्ला र मिति : ..........................
२ ठेगाना : ...........................................................
३ फोन ........................................ ई-मेल : ..................................

व्यवसायको विवरण १

१. व्यवसायको नाम:.........................................................
२ पुंजीगत लगानी (रुमा) : ..................................................
३ व्यवसाय रहने स्थान : महादेवा गा.पा. वडा नं......... टोल ..............................
४ व्यवसाय घर धनीको नाममा रहेको भए, घरधनीको नाम :
५ कारोबार गर्ने वस्तु तथा सेवाको विवरण :

प्रमाणपत्र जारी गर्नेको
नाम:
पद :
सही :
मिति :

कार्यालयको छाप

### शर्तहरु

१) प्रत्येक आ.व.को असार मसान्त भित्र व्यवसायका नवीकरण गरी सक्नु पर्नेछ ।
२) व्यवसाय गरी आएको स्थान बदल्नु परे गाउँपालिकाबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।
३) आफूले संचालन गरेको व्यवसाय बन्द गर्नु परेमा बाँकी कर तिरी व्यवसाय बन्द भएको जनाउपत्र लिनु पर्नेछ ।
३) आफूले संचालन गरेको व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्नेछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउन पर्दछ ।
४) यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देख्ने गरी राखिनु पर्नेछ र गाउँपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखत तुरुन्त देखाउन पर्दछ ।
४) यो प्रमाण पत्र व्यवसायमा बाल श्रमिकहरु प्रयोग गर्न पाइनेछैन ।
५) आफूले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।
६) आफूले संचालन गरेको व्यवसायको फोहोरमैला तोकिएको स्थानमा राख्नु पर्नेछ ।
७) मदिराजन्य पदार्थको कारोवारको लागि प्रचलित कानुनमा व्यवस्था भए बमोजिम गर्नुपर्नेछ ।
८) उल्लेखित शर्तनामाहरु पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखत यो प्रमाण पत्र रद्द गरी व्यवसाय बन्द गर्न सक्नेछ ।

## महादेवा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बथनाहा, सप्तरी
प्रदेश नं. २, नेपाल

### व्यवसाय दर्ता नवीकरण

| क्र.स. | व्यवसाय दर्ता मिति | नवीकरण मिति | म्याद सकिने मिति | प्रमाणित गर्नेको सहिछाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूचि -३
दफा ५ सँग सम्बन्धित

व्यवसाय दर्ता/नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
महादेवा गाँउपालिका,
बथनाहा, सप्तरी
प्रदेश नं. २, नेपाल

विषय : व्यवसाय दर्ता / नविकरण गर्न अनुमति पाउँ

मैले / हामिले निम्न स्थानमा ........................................................................ व्यवसाय दर्ता / नविकरण गर्नु परेकोले महादेवा गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०७६ को दफा ३ बमोजिम यो निवेदन दिएको छु/छौं ।

१. व्यवसायीको नाम, थर ..........................................................

२. स्थायी ठेगाना : जिल्ला .................. गा.पा........................... वडा नं. ........................

३. नागरिकता नं. ................................... जारी गर्ने जिल्ला ........................ मिति ...........................

४. फर्म / कम्पनीको नाम : ..........................................................................

५. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं.: .............................

फोन नं. : ................................................. इमेल : ............................................................

६. व्यवसायको प्रकृति ................................................

७. कारोबार गर्ने वस्तु :

८. लगानी (रु.मा)

९. व्यवसाय बहालमा रहेको भए घरको घरधनिको नाम, थर ...............................................................

ठेगाना : ............................................. वडा नं. ..........................

मिति ........................................ निवेदकको दस्तखत

अनुसूचि -३
दफा (५) सँग सम्बन्धित

मिति : ..............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
महादेवा गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यलय

विषय : व्यवसाय दर्ता गरी पाँउ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको नाम ..............................................

व्यवसायको प्रकार ..............................................

कुल स्थीर पुंजी : ..............................................

व्यवसाय संचालन गर्ने स्थान : ..............................

संलग्न कागजातहरु

१) हालसालै खिचेको २ प्रति फोटो

२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

३) वडा कार्यलयको सिफारिस

४) व्यवसाय संचालन हुने जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मन्जुरीनामा

६) उद्योगको हकमा संधियारको मन्जुरीनामा

७) उद्योग वाणिज्य संघको सिफारिस

रुजु गर्ने :
हस्ताक्षर :
नाम :
पद :

निवेदक
नाम :
ठेगाना :
मिति :

अनुसूची ८

दफा ८ को उपदफा (३) संग सम्बन्धित

# महादेवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बथनाहा, सप्तरी

प्रदेश नं. २, नेपाल

### व्यवसाय दर्ता किताव

| क्र स. | व्यवसायीको नाम थर | ठेगाना | व्यवसायीको प्रकृति | पूँजी | एकलौटी साझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रमाणीकरण मिति ..............................

आज्ञाले,

राम लखन यादव

प्रमुख प्रशासकीय अधिकृत